9 771227 73 7969

(साहित्य कला २ संस्कृति : सबैको साझा सम्पत्ति)

शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



असोज २०८३ ३००

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

२०८३ असोज (Sep–Oct 2026)

वर्ष २५ अङ्क १२ पूर्णाङ्क ३०० (Year 25 Issue 12 Total issue 300)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

प्रधान-सम्पादक	:	धीरकुमार श्रेष्ठ
सम्पादक	:	भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल
कला संयोजन	:	राजेश मानन्धर
व्यवस्थापन	:	तुलसीकुमार कन्दङ्वा
अतिथि सम्पादक	:	विश्व सिग्देल
अङ्ग्रेजी अनुवाद	:	चन्द्रबहादुर लामा
वेबसाइट	:	https://sabdankur.com
		http://bit.ly/sabdankur
आवरण	:	हरित कविता विशेष
ISSN	:	2773-7969

हरित कविता विशेष
(Greenery Poetry Special)

मूल्य रु. २५/-

पत्रिकाको ठेगाना

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

वितरक : साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ
०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

हरित कविता विशेष

लक्ष्मी माली ३, ज्ञानुवाकर पौडेल ४, गोविन्द गिरी 'प्रेरणा' ५, शैलेन्दुप्रकाश नेपाल ६, स्नेह सायमी ७, अभय श्रेष्ठ ७, सुधीर ख्वबि ८, कृष्ण बाउँसे ९, रजनीमिला ११, अनिता लामा १२, मणि लोहनी १३, दीपक समीर १४, भवानी खतिवडा १५, राजुबाबु पहाडी १६, चैतन्य अधिकारी १८, भोजराज रेग्मी 'मुखाले' १९, हरिप्रसाद सिलवाल २१, शिवाङ्क चौलागाईं २२

हाम्रो अभिमत

शब्दाङ्कुरले यस अङ्कदेखि प्रकाशनको २५ वर्ष र ३०० औँ अङ्क पूरा गरेको छ । २०५८ सालको कात्तिक महिनादेखि प्रकाशन आरम्भ भएको यस पत्रिकाले आजसम्म एक अङ्क पनि नबिराई प्रकाशन गर्न सफल भएको छ । यस अवधिमा नियमित मासिक अङ्कका साथै समयानुकूल विशेष अङ्कहरू पनि प्रकाशन गर्‍यौं । यसरी २५ वर्षसम्म प्रकाशनलाई नियमितता दिनमा मूलतः यहाँहरू नै यसका लागि मूल रूपमा श्रेयभागी हुनुहुन्छ । यहाँहरूको साथसहयोग, मार्गदर्शन र हौसला प्राप्त नभएको भए हाम्रो बुताले मात्र यति लामो यात्रा कुनै पनि अर्थमा सम्भव हुने थिएन । हामी केवल निमित्त थियौं, छौं र सदा रहने छौं । सारथी यहाँहरू नै हुनुहुन्थ्यो, हुनुहुन्छ र हुनुहुने छ भन्ने आत्मविश्वासमा छौं । यहाँहरूको सामूहिक प्रयासको प्रतिफल हो यहाँसम्मको यात्रा । यसर्थ सफलताको सम्पूर्ण यश यहाँहरूमै जान्छ । यसका लागि यहाँहरू सम्पूर्णमा सर्वप्रथमतः हार्दिक आभार एवम श्रद्धा प्रकट गर्न चाहन्छौं । भविष्यमा पनि यहाँहरूबाट यसै किसिमको योगदान प्राप्त भइरहनेमा हामी पूर्णतः विश्वस्त र आशावादी छौं । बाँकी अपयश केही भए हामीतिर सारिदिनुभए हुन्छ । हाम्रा लागि यी अमूल्य पुँजी हुने छन् र आगामी दिनका लागि गोरेटा फराकिएर खुला पदमार्ग बन्ने छन् ।

प्रकाशनको २५ वर्ष पूरा भएको अवसरलाई विशेष उल्लासका साथ मनाउनुपर्ने आवश्यकता हामीलाई पनि महसुस भएको हो । शुभेच्छुकहरूबाट यस किसिमको सल्लाह र सुझाव प्राप्त भएका हुन् तर स्रोत र साधनको सीमितताका कारण सम्भव भएन । यद्यपि सीमित स्रोतको अधिकतम उपयोगको लक्ष्य हाम्रो स्मरणमा सुरक्षित छ तापनि यस अङ्कलाई नियमित अङ्ककै आकारमा प्रकाशन गरिरहेका छौं । यसो भए पनि आजभोलिको जल्दोबल्दो र महत्त्वपूर्ण विषयको उठान सानो अंशमा भए पनि होस् भनी पर्यावरणसँग सम्बन्धित हरित कविता विशेषका रूपमा प्रकाशन गर्ने जमर्को गरेका छौं । यसले पर्यावरणीय जिम्मेवारीको अल्पांश भए पनि हामीबाट पूरा हुने छ भन्ने आशा गरेका छौं । हाम्रो यो प्रयास असमेल महासागरमा सहस्रांश पनि हुन सक्तैन । हामीलाई यो राम्ररी थाहा छ तर यथायोग्य सकेको जति कर्तव्यबोध निर्वाह गर्ने चाहनाको प्रतिफल हो यो अङ्क । यहाँ वर्ष २०८३ को विश्व वातावरण दिवसका अवसरमा हामीलगायत वर्तमान कविता समूह, कोटेश्वर बहुमुखी क्याम्पस र रातो घर फाउन्डेसनको संयुक्त आयोजनामा वाचित कविताहरूलाई अङ्ग्रेजी अनुवादसहित प्रस्तुत गरेका छौं । वाचित बाँकी कवितालाई आगामी अङ्कमा प्रकाशित गर्दै जाने हाम्रो योजनाको पूर्व जानकारी दिन चाहन्छौं ।

निकट विगतको भदौ १० गते हामीले गर्दै नगरेको गल्तीका लागि आजसम्मको इतिहासमा अनङ्कित महाप्रलय स्तरको प्राकृतिक विपत्तिका कारण असीमित भौतिक एवम् मानवीय क्षति बेहोर्न बाध्य हुनुपर्‍यो । यो हाम्रा लागि पर्यावरणीय न्यायको विषय कदापि होइन । प्राकृतिक न्यायले पनि भन्छ, जसले गल्ती गर्छ उसले सजाय भोग्नुपर्छ । यसका विपरीत रसुवा, नुवाकोट, धादिङलगायत हामी सम्पूर्ण र विश्वले स्विकार्न बाध्य हुनुपरेको अपूरणीय क्षति सम्पूर्ण निर्दोष मानवउपरको निर्मम प्रहार हो । यसका लागि जिम्मेवारहरूले पर्यावरणप्रतिको न्याय स्थापित गर्नु एक मात्र विकल्प हुन्छ । यसका लागि सम्पूर्ण निर्दोष मानवको एक मत आवश्यक छ । हामीलाई विश्वास छ, अब यस किसिमको महाप्रलयको सिकार विश्वको कसैले हुन नपरोस् । यस दिशामा सबैको प्रयास प्रारम्भ हुने छ । 'सुबोल बोल्'को गुञ्जन सबैका कर्णगह्वरमा गुन्जियोस् । हार्दिक शुभेच्छा ।

- प्रधान सम्पादक

कविता

माटो र जरा



लक्ष्मी माली

म माटो
म एक चपरी माटो
त्यही माटोमा अडिएको
तिमी विशाल वृक्ष
तिमीमा फुलेका रङ्गीचङ्गी फूलहरूमा
लटरम्म फलेका फलहरूमा
म नै सिञ्चन गर्छु
किनकि तिम्रो जरा मभित्र छ
तिम्रो श्वासप्रश्वासमा
मेरो गर्भको सुवास छ
गर्भ भन्नु नै एक चपरी माटो
त्यही माटोमा अडिएको
तिमी विशाल वृक्ष
तिमीलाई सिञ्चन गर्न स्वस्थ हुर्काउन
माया बाँड्दाबाँड्दै
कठै !
आफैलाई माया गर्न बिर्सिएछु
मेरा प्राप्तिहरूमा एक्लै रमाएकी
तिम्रा हराभरा जीवन
सुखसुविधाहरू सबै
मेरा प्राप्ति हुन्
त्यसैले तिमी मबाट
टाढिन सक्दैनौ
छुट्टिन सक्दैनौ
हराभरा विशाल वृक्षका जराहरू
माटोबाट कसरी छुट्टिन्छ ?
म सदासर्वदा
तिम्रै जरा सिञ्चिरहन्छु
तिमीले यति सम्झ
म माटो हुँ माटो !
एक चपरी माटो !

कविता

अब यो देशको उपचार हुनुपर्छ



ज्ञानुवाकर पौडेल
(इमाडोल, ललितपुर)

जुर्मुराएर उठेको छु
म पनि पर्यावरणको रक्षार्थ
वृक्ष रोप्न तम्सिएको छु
अस्ति भर्खैरै त हो
फेरि
समयले पल्टा खाएको
र युगले गर्भाधान गरेको
तर हिजो तुहियो त्यो
काम लागेन
आऊ
तिमी पनि आऊ
फेरि अर्को वृक्ष रोपौं र पर्यावरण जोगाऔं
त्यस्तो एउटा छहारी चौतारी पनि बनोस्
जहाँ मानवता सुस्ताउन सकोस्
जहाँ खोसिएको
मानवीयता र आत्मीयता मुस्कुराओस्
आऊ विलम्ब भइसक्यो
तिमी वृक्ष रोप्दै जाऊ
म धरती सिँच्दै जाने छु
अब मातृभूमिको लाज छोप्नुपर्छ
अब यो देशको
पर्यावरणीय उपचार हुनुपर्छ ।

शब्दाङ्कुरका वितरक
साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स
चावहिल, काठमाडौं,
फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

कविता

निरुत्तर उत्तर



गोविन्द गिरी 'प्रेरणा'

हजारौँहजार वर्षदेखि
नित्य निरन्तर
सहज श्वास प्रश्वास लिइरहेको
म एक बुढो वृक्ष
अनेकन् मैजस्ता वृक्षहरू माझ
सदा सदा रमाइरहेँ ।
आजकाल मलाई

मानिसको सासले उकुसमुकुस हुन्छ
मान्छेको हिंस्रक स्वभावले
त्रसित बनाउँछ ।

म बुढो रूख
हुनसम्म तिर्खाएको छु
छेउको नदी
बगरमा अन्तर्ध्यान भएको छ
म काकाकुल बनेको छु
फगत मृगतृष्णाका अल्झेको छु ।

कसले जोगाउला यो घरती
कसले रक्षे गर्ला यो आकाश
हराभरा हरित लता वृक्षहरूको
अरण्य कता हरायो ?
कुन पापीले माटोलाई विषाक्त बनायो
र सातो लियो
कुन पापीले वायुलाई विषाक्त बनायो
र सातो लियो ।

प्लास्टिकले म दूषित छु
प्रदूषित छु
विकिरणले अधमरो भएको छु
विषादी डामले
मलाई घनघोर छटपटी भएको छ ।

मासिने हो कि यो युग
यसरी शनैशनैः
उत्तर निरुत्तर छ

(२४ जेठ २०८१ काठमाडौँ)

नदी



शैलेन्दुप्रकाश नेपाल
(वसुन्धरा, काठमाडौँ)

नदीनालाहरू बग्छन् धर्तीमा नित्य सुन्दर,
नदीनालाहरू पार्छन् धर्तीलाई मनोहर !
नदीनालाहरू पाई धर्ती बन्छ रे उर्वर,
नदी हुन् सभ्यता केन्द्र विश्वका यी धरोहर !

नदी पवित्र आत्मा हुन् पखाल्छन् मन कल्मष,
नदी मानवका निम्ति प्राणशक्ति र हुन् यश !
गतिशील बनी बग्छन् नदीनाला निरन्तर,
नदी धर्ती दुवै मिल्दा हाँस्छ रे यो चराचर !

नदी सङ्लो भए मात्र विम्ब देखिन्छ सुन्दर,
नदी स्वच्छ भए मात्र कीर्ति फैलिन्छ नित्यशः !
नदी स्वस्थ भए मात्र प्राण चल्छ निरन्तर,
नदी स्वतन्त्र बग्दामा भावना लहराउँछ !

जल मात्र नदी हैनन् संस्कृतिका मुहान हुन्
उता हिमालका कान्ति यता सृष्टि बिहान हुन् !
नयाँ ती गीत गाएर नदी जीवन डाक्तछन्,
मैलिए मन मान्छेको नदीले गति रोक्तछन् !

कल्पना भावनालाई नदी जस्तै बगाउँदै
आफ्नो जीवन सम्पूर्ण सेवा निम्ति लगाउँदै ।
नदीको स्वच्छतालाई मानी जीवन पद्धति,
चले मात्र सधैँ उच्च हुन्छ जीवनको गति !

काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ

अक्षरधाम प्रकाशन, बागबजार

सम्पर्क : ०१-५९२२७०७/९८६००५६०५२/९८५११५७१९३
akshardhamprakashan@gmail.com | akshardham.com.np

कविता

प्लास्टिक र मान्छे



स्नेह सायमि

प्लास्टिकको भित्ता
प्लास्टिकको बुट्टा
प्लास्टिकको लुगा
प्लास्टिकका जुत्ता
प्लास्टिकका थाल
प्लास्टिकका भाँडा
प्लास्टिकका फूल
प्लास्टिकका फल
प्लास्टिकका मुटु
प्लास्टिकसँग प्रेम

धन्न जन्माइरहेछन्
मान्छेले मान्छे ।

कविता

हिमालमा हिउँ छैन



अभय श्रेष्ठ

खोलाखोल्सी माछा छैन, हिमालमा हिउँ छैन
खेतै बाँझो, बारी बाँझो, छर्नलाई बिउ छैन

नाङ्गो भएँ भन्दै घरी घरी हिमाल रून्छ
नाङ्गो हिमाल, नाङ्गो नदी, नाङ्गो वन जुन छ
रूख हरियो पात हुँदा, हाँगा हुँदा, जरा हुँदा
रूख भन्छ, चराजस्तो मेरो माया कुन छ ?

लहराउँदै बगी हिँड्ने खोला भयो सुक्खा
किनारालाई नछोई सुक्नु उसको कत्रो दुःख
जो त बग्थ्यो, उही सुकखा, उही बर्बादीमा
वनै चिरा, मनै चिरा चिरा पार्ने फुक्का

यो हावा, यो पानी, घामजून हो साझा
सबै बेच्छु भनी आयो कोही हाम्रो माझ
बाँचेकै छ आजसम्म रोई रोई माटो
माटो चिरा, मुटु चिरा, मान्छे चिरा आज ।

कविता

पर्यावरण मनको



सुधीर ख्वबि

रूखहरू उदास देखिन्छन्
पातहरूको मुहार चाउरिएपछि
हाँगाहरू मक्किन थालेझैं देखिन्छन्
अवसानका निम्ति तयारजस्तै ।

रूखहरूको बस्ती
आधुनिकताको डढेलोले
खानु खाइसकियो
गाउँठाउँमा
सहरबजारमा
कङ्क्रिट मन मनहरूले
प्रभुत्व जमाइसकेका छन्

र हामी
धूलोको पर्खाल बनाई
धुवाँको छानो सजाई
आफ्नो दैनिकी प्रदूषण मुक्तिको
भ्रममा मक्ख हुने गरेका छौं ।

त्यसैले अचेल
फूलहरू निर्धक्क फुल्न मान्दिनन्
बादल शीतल बर्सिन गाह्रो मान्छ
इन्द्रेणी खुसीसाथ झुल्किन चाहँदैन,
प्रदूषित मनमस्तिष्कहरूसामु ।

अहिंसा हिंसाको सामु निरीह छ
प्रतिस्पर्धामा प्रतिशोध मिसिन थालेको छ
विचारको मर्म मरिसकेको छ
नैतिकताको धर्म दुर्घटनाग्रस्त सधैं
अहो !
कस्तरी ध्वस्त भइसकेको रहेछ
हाम्रो मनको, भावनाको,
विचारको, विवेकको
अनि चिन्तनको पर्यावरण पनि

कसले सच्याउँछ त यो पर्यावरण ?
प्रश्न यो प्रश्न होइन
जिम्मेवारीको बोध नै समाधानको मार्ग हो
प्रकृतिको पर्यावरण
हाम्रो मनको पर्यावरण
दुरूस्त गर्ने काम हाम्रै त हो नि

होइन र … ?

कविता

लोकतन्त्रको हरियो मखुन्डो



कृष्ण बाउसे

नयाँ सांसदहरूलाई
संसद् भवननजिकैको रूखले सोध्यो -
मैले पठाएको
अक्सिजनको कोसेली त खाँदै छौ नि
अब कस्तो विकास गर्ने शपथ खान्छौ ?
कि मेरो नाम आउनासाथ
तिमीहरू पनि
बङ्गाको सिको गर्दै 'त्यो पर्दैन' भन्छौ ?

फिस्स हाँसे नेता गण
कारण
उनीहरू सबैको कोटको खल्तीमा
थियो जङ्गलको नक्सा
र छातीभित्र थियो बन्चरोको घोषणापत्र ।

चुनावी पोस्टरमा
हरियाली, समृद्धि र उज्यालो भविष्यको खाका
आफैले कोरेको सम्झन्छन् उनीहरू
तर आफ्नो वाचालाई चुपचाप
त्यसरी नै उडाइदिन्छन्
जसरी बुद्धको शान्ति
युद्धमोर्चाबाट उडेर जान्छ शून्यतिर ।

तैपनि
आशाको पहाड साउती मार्छ बादलसँग-
युवा सांसदहरू इमानीजस्ता छन्
छाड्दैनौं भन्दै छन् भ्रष्टलाई
'आमा' भन्दै छन् धरतीलाई ।

आतङ्ककको बलिवेदीमा
सम्पदा तड्पिरहँदा
उर्लिरहेको कालो धुवाँमा विम्बित

हिंस्रक अनुहारहरू सम्झेर
ओठ लेप्रायो बादलले ।

प्रमाणित कपुतले
आफ्नै ऐयासपूर्ण जीवनका लागि
ढुङ्गा, बालुवा र काठको नाममा
बेचेकै हुन् धरणीका हड्डी ।
सम्झौताका नाममा नदीनाला बेच्दा
बेचेकै हुन् तिनकै रगत ।
तुच्छ दस्तुरका लागि
चोमोलुङ्माकै शिरमाथिपनि
चलाएकै हुन् कार्बनको सवारी ।

अहिले
अबोलाले बोली फुटेको खुसीयालीमा
बोल्नै नहुने कुरा उम्काइदिएपछि
फेरि चिसो पसेको छ उनको मनमा ।

यस्तो परिवेशमा
हर्षातिरेकको मेषनृत्य चल्नु
स्वाभाविकै हो कौरवको सभामा ।

सायद
हुरीले लुछेका पातझैं
जनताका सपनाहरू उडिरहने
यस्तै कुनै रूख हो मेरो देशको लोकतन्त्र
जसका जराहरू फैलिएका छन्
स्वदेशको माटोमा धेरै कम
र पराइ आँगनमा असाध्यै बढी ।

(bausekrishna8@gmail.com)

काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ

पुस्तक सेन्टर

अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि), बागबजार

०१-५३६६७८० ९८४१-३६७७६२

लुटिएको सुन्दरता



रजनीमिला

पहाडका कान्लाहरूलाई कोपार्दै
ढिस्काहरू झारे
ढिस्काहरूसँगै रूखहरू ढले
पात पतिङ्गर सुके,
चराहरू उडिगए ।

बिछोडिएका छन् माटाका हरेक ढिस्कासँगै
जीवनका सुन्दर बुट्टाहरू
हावाका स्वतन्त्र लयहरू !
आँगनमा गुन्जिरहने चराहरूका निनादहरू

हो
म आफ्ना पाखुरामा तेल मालिस गरी
अन्नका बाला झुलाउँथैं फाँटभरि
मेरा हरिया फाँट बलात खोसेर
मलिला माटोमाथि
तातो अलकत्राका पत्रहरू बिछ्याउँदै,
फलामे सहर ठड्याउँदै
आधुनिकताको माला जप्दै
विकासे भजन गाउन थालेदेखिन्
माटोको सुगन्ध उडिगयो ।

कहाँ कहाँबाट झरे कुन्नि
यो खाल्टोमा मान्छेहरू
हरेक दिन
मच्छिन्द्रनाथको जात्राझैं लस्करैलस्कर
जहाँ
कुनै समय
विरहको धुन गुन्गुनाउँदै सुनसान ठाउँमा
एक्लो फल्चा बटुवा कुर्दै बस्थ्यो ।
यो बेला अटेसमटेस लाग्छ फल्चालाई
लस्करमा च्यापिएको मान्छेको सास र
पसिना मिश्रित गन्धले

जो सभ्य बन्न
दिनहुँ आफूलाई पखाल्छन्,
चोक, गल्ली र सडक नुहाउँछन्,
मन्दिर धोइदिन्छन्,
तिनैका खातका खात मैला
बगेर मिसिएपछि
सभ्यताको रङ जोगाउँदाजोगाउँदै
नदीहरूको रङ उडिगयो ।

गगनतिर हेर्छु,
निलो क्यानभास छोपिएको छ
धुलोका बाक्ला पर्दाहरूले
फूलका गुच्छाजस्ता बादलका छिद्रहरूबाट
निस्किने घामका छेस्काछेस्कीहरू हराए
हराएका छन् मुजा मुजा बान्की परेका
जूनका परेलीहरू
सिँढी जस्तै उकालो लागिरहेको धुवाँभित्र ।

यो संसारमा
मानवतामा डढेलो लगाएको दिनदेखि,
कलकारखाना र मोटरकारले
सास फेर्न थालेदेखि
हावाको सुगन्ध उडिगयो ।

स्पर्श



अनिता लामा

पानीको बुँद धर्ती स्पर्श गर्न
तल झर्नैपर्छ
बादल गर्जेर के भो
ऊ आकाशमा रोकिँदैन
चट्याङले तर्साएर के भो
ऊ हावामा अडिन सक्दैन
पानी झर्नु, धर्ती रसाउनु
केवल संयोग हुन सक्दैन
पानी झरेपछि नै हुने
पानी र धर्तीबिचको संसर्ग
माटो र बिरुवाबिचको संसर्ग
हावा र प्रकृतिबिचको संसर्ग
बुझ्नुस् चित्त र श्वासबिचको स्पर्शजस्तै हो ।
पानी हुनका लागि ठोक्किनुपरेका
बादलका सुन्दर बुट्टाहरू
तातो वाष्पीकरणका
उकुसमुकुस गुम्साहटहरू
कहिले कब्जियत कहिले खुकुला
बन्नुपरेका स्वतन्त्र हावाहरू
सम्झनुस् तपाईंकै जीवनका
अनित्य हर घटनाहरू हुन्
भन्नुस् कर्म र परिणतिका आयामहरू हुन् ।
जब पानी बिसाएपछिको धर्ती
आकाश रिसाएपछिको प्रकाश
एक हुन्छन् सम्यक सम्बोधीमा
तब लिनुस् एक स्पर्शी श्वास
र भइदिनुस् प्रेम, करुणा, मैत्रेय र प्रज्ञा
जसरी एक हावा
एक पानी
एक माटो
भइरहेका छन् संसारभरको धमनी ।

(anitalama796@gmail.com)

कविता

जीवनको नाममा



मणि लोहनी

पग्लिँदापग्लिँदै
सिद्धियो भने हिउँ
बग्दाबग्दै
सकियो भने पानी
र काट्दाकाट्दै
रहेनन् भने रूखबिरुवा

के आउलान् यी मानिसहरू
जो अहिले आइरहेछन् देशविदेशबाट
हेर्न यो आदिम नदी
उक्लिन यो श्वेत हिमाल
र रमाउन यी वनजङ्गल, ताल र चट्टानी
पहाडहरूमा ।

भएनन् भने नदी, झरना र तालहरू
रहेनन् भने यी गुम्बा, बस्ती र हिमालहरू
र सकियो भने हरियाली
के बाँच्न सकौंला र हामी आफै पनि ?

(manilohani47@gmail.com)



हार्दिक समवेदना एवम् श्रद्धाञ्जली

नेपाली र नेपाल भाषा, साहित्य साधक कवि दुर्गालाल श्रेष्ठको ९१ वर्षको उमेरमा असामयिक निधन भएकोमा शोक सन्तप्त परिवार जनमा हार्दिक समवेदना प्रकट गर्दै स्वर्गीय आत्माको चिर शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

शब्दाङ्कुर परिवार

घामको रङ



दीपक समीर

शान्तिको खोजीमा मेरो आत्माबाट
जब उड्छ एउटा सेतो परेवा
विक्षिप्त मैनाको बथान उर्लिन्छ मैतिर
स्वर्गीय सपना बोकेर !
विवश म, आर्यघाटमा जलाउँछु लाइटर
र पोल्छु आफ्नै किरा परेको गिदी
त्यो एक रात टाँसिन्छु प्रेतसँग हिट्लरकी प्रेमिकाजस्तै
प्रश्न गर्छु उजेलीहरूलाई कुन सपना किनिदिऊँ भनेर
ठिक त्यसैबेला एकाएक देख्छु
टाढा क्षितिजमा हिउँको सिन्दुर
अनि निस्फिक्री चिच्याउँछु-
मभित्रको निर्दोष बालक हराएको सूचना
आक्रमण गर्छन् नशालु प्रश्नहरूले कि
हरिश्चन्द्र जति नै सत्य भए पनि के भयो ?
यहाँ मरिरहेछन् हाम्रा बलिसराहरू रित्ता बस्ती नै पिच्छे
जलिरहेछ मेरो समाज
बहुलाएका छन् स्वयं अप्सरा
जब पढ्छु यो अराजक समय र वाहियात जीवन
तब बिस्तारै जान्छु आर्यघाट
सांसारिक सुखको मलामी बनेर !
देख्छु-
एउटी निर्दोष चेली जलिरहेकी छ अपमानको रापले
तर उनकै बलात्कारी उनकै अगाडि
खेलिरहेछ म्यारिज खेल
आगो ओकल्नु छ, निल्नु छ चट्टान
पार्नु छ धुजा धुजा यो विभेदको संसार
त्यही युद्धको शङ्खघोषस्वरूप
प्रकृतिलाई लेख्छु एक रुमानी प्रेमपत्र
'आमा ! म तिम्रो दशधारा दुधको रिन तिर्दै छु
छातीमा सङ्गिन रोपेर
नपत्याए हेर त-
पर क्षितिजमा कालो हुँदै छ घामको रङ !'

कविता

माटै हो उसको गति



भवानी खतिवडा
(तीनकुने, काठमाडौँ)

गैँडाले बम बोक्तैनन् बोक्तैनन् बाघ बन्दुक
बोक्तैनन् सिंह अर्नाले खुँडा पेस्तोल-बारूद
कित्ताकाट गरी हात्ती लिँदैनन् भूमिको हक
छ कठै मनुवा जाति जो लुट्छ नमरेतक ।

चाहेमा घाम एक्लैले सातै सिन्धु सुकाउँछन्
महा-आकाशले चाहे सिङ्गै विश्व लुकाउँछन्
चिताए बाघले एक्लै मार्छन् हज्जार जीवन
परन्तु तिनमा बेग्लै छ निष्ठा अनुशासन ।

बिर्सी सङ्गतिको बाटो भाँडिएको छ मानिस
कुण्ठाको पङ्कमा आफै गाडिएको छ मानिस
स्वयंबाट स्वयंसङ्ग बाँडिएको छ मानिस
चैतन्य-चेतनाबाटै टाढिएको छ मानिस ।

छ अरू पशु प्राणीमा ज्यूनुको-चल्नुको लय
राखी गोदाम माछाले गर्दैनन् धन-सञ्चय
चराका नाममा पुर्जा जग्गाको छैन तैपनि
मरे ती भोकले भन्ने सुनिँदैन कतै पनि ।

बाघले बाघकै छाला उतार्ला हुन्न कल्पना
मिर्गले मिर्गकै घाँटी निमोठ्ला हुन्न कल्पना
मार्दै छन् तर मान्छेले मान्छेलाई धमाधम
छन् कुरा उसकै ठूला श्रेष्ठ रे ऊ विवेकमा ।

छ मान्छे अति तृष्णामै अगस्ति नै पसेसरि
खाओस् जे जति नै किन्तु अघाउन्न कसैगरी
गोजी हुँदैन कात्रामा मुर्दाले लान्न सम्पति
बुझ्दैन किन खै मान्छे माटै हो उसको गति ।

अन्तिम मौका



राजबाबु पहाडी
(वन विज्ञान अध्ययन
संस्थान हेटौंडा, सानोपोखरा)

नानी हो हेरिहाल
त्यो हिमालमाथि आकाशमा
कऱ्याङकुरुङका बथानहरू ।
साइबेरिया भन्ने दूर देशबाट उडेका हुन्

अबदेखि यिनीहरू कहिल्यै उड्ने छैनन् ।
बिलाउने छन् आकाशमै कतै
या झर्ने छन् कुनै बन्जर भूमिमा
घामले फतक्कै गलेर ।

बनाउँथे जहाँ गुँड तिनीहरू
आणविक भट्टीका विकिरणले डढिसकेको छ ।
नभेटेर कतै जीवनका सम्भावनाहरू
सदाको लागि विदा भएर हिँडेका छन् ।

तिमीहरू जस्तै ती निर्दोष पक्षीहरू
अब कहिल्यै आकाशमा उड्ने छैनन्
मलामीझैं हिँड्ने छन् चिहान भेट्न ।

जहाँ उड्थे तिनीहरू
कसैले उडाएर धुवाँको मुस्लो
अन्धकार बनाइदिएको छ
एसियाली उडान पथको गल्लीलाई !

कसरी उड्लान् ती चराहरू अब आकाशमा
छैन बाटो
र पुग्ने ठाउँ पनि छैन ।
छैन कुनै पाइला राख्ने ठाउँ
न त कतै विश्राम गर्ने चौतारो पनि ।

लगाएर हज्जारौं वर्ष
तिनका पुर्खाले

बनाएका पक्षी पथ भत्काइदिने अपराधी
यतै कतै छद्म भेषमा डुलिरहेको हुन सक्छ ।

त्यसैले
यसपालिको यो याममा
अन्तिम वसन्त उत्सव मनाइहाल ।
रोपिहाल अन्तिमपटक काँक्राफर्सीहरू
फेरि
जीवनको लयात्मक खेल खेल्न पाउने छैनौ

मनाइहाल वसन्त गीत ।
यी चराहरूसँग अन्तिमपटक ।
तिमी फेरि गाउन पाउने छैनौ

उल हेर इन्द्रेणीलाई अन्तिमपटक ।
त्यही इन्द्रेणीको डोली चढेर
अब वर्षा पनि आउने छैन ।
सुन, यो जीवनको अन्तिम वर्षा हुने छ
कुनै बेहुली भित्रिने छैन तिम्रो संसारमा ।
रित्ता रित्ता हुने छन्
इन्द्रेणीहरू
डोलीहरू
खेतहरू
नदीहरू ।

हेरिहाल पुतली नाचेको
फूलहरू फुलेको

अब फुल्ने छैनन् यी यसै गरी ।
डुल्ने छैन माहुरीहरू तिम्रा बगैंचामा

आगो बोकेर आकाश आइसक्यो
अनि मृत्यु बोकेर तुफान ।
निभ्ने छ तिम्रो दियो सदाका लागि
र
धर्ती बल्ने छ

हेर
ऊ पश्चिमबाट आउँदै छ मृत्यु आँधी बोकेर ।

त्यसैले
फेरिहाल अन्तिम श्वास ।
फेरि फेर्न पाउने छैनौ ।
मेरा प्यारा नानी हो !
तिम्रै भागमा परेको छ
यो स्वान सङ !
मनाइहाल यो अन्तिम वसन्त उत्सव
र गाइहाल जीवनको अन्तिम गीत ।

कविता

झर्नासित



चैतन्य अधिकारी

'नहिँड्नू झरीमा !' सबैले भनेथे
म झर्नामा हिँडूँ, नहिँडूँ, गरूँ के ?

'यो बाटै हो' भन्छन् यो कस्को हो बाटो ?
ककस्ले मिलाए यी ढुङ्गा र माटो ?
र गाउँदै र नाच्दै यहाँ हिँड्ने को हो ?
यो प्रश्न सबैको हो कि मात्र मेरो ?

म झर्नासित मन मिलाएर हिँडैँ
म झर्नासित बिन्ती बिसाएर हिँडैँ
थोरै शिरपाउ भिजेर भयो के ?
जो यात्रा हो आफ्नो, जोगाएर हिँडैँ

'नहिँड्नू झरीमा' सबैले भनेथे
म झर्नामा हिँडूँ, नहिँडूँ, गरूँ के ?
छ गन्तव्य टाढा र माथि पनि छ
म बल्ल हिँडेको, नरोकुन् कसैले ।

(chaitanya.adhikari@gmail.com)

कविता

सातो हराएको सूचना



भोजराज रेग्मी 'मुखाले'

उग्र !
मभन्दा पनि धेरै उग्र

मूर्ख मान्छेले
कैयौँ वर्ष लगाएर जन्माएको
विज्ञानी विकास नामक पटमूर्ख
जब समयकै सम्राट् कहलियो
ठाउँ कुठाउँ अभिनन्दित भएर
पुजियो, ढोगियो
प्रभुको लीला भन्नुपऱ्यो
हेर्दाहेर्दै भष्मासुर भएर पो निस्क्यो ।

अनि,
त्यो त मैमत्त साँढे भएर हिँड्न थाल्यो
मान्छेका भावनामाथि अहोरात्र परेड खेल्न थाल्यो
मान्छेका संवेदनामा पटका पट्काएर
भयको दसैँ
अनि
भ्रमको तिहार मनाउन थाल्यो
उसैको मायाप्रेममा लहसिएर
मान्छेले आफ्नो जन्मदाता प्रकृतिलाई पनि
अचाक्ली बेवास्ता र हेला गर्न थाल्यो
अनि आफैले पुल्पुल्याएको
बाइफाले सन्तानको उपद्रवलाई पनि
उत्सव मानेर रमाइरह्यो ।
त्यही भष्मासुरको
पागल प्रणयको परिणाम भनौँ
जालप्रपञ्चको भ्रूण विकसित भएर
अराजकताको काइते कोखबाट जन्मेर
विध्वंसको आँगनमा हुर्केको
कार्बन डाइअक्साइडको

चर्को ऱ्याप र रक सङ्गीतले
मन थाम्न नसकेर होला
ओजोनले आफ्नो मर्यादा मिचेर
लत्तो छाड्यो
जलवायुले आफ्नो संस्कार भुल्यो
अनुशासन कुल्चेर
आफ्ना वस्त्रहरू फाल्यो
र,
नाङ्गो नाच देखाउन थाल्यो ।
आफन्तहरूकै निर्लज्ज पारा देखेर
हँसमुख हिमालहरू पनि
लाजले पग्लेर पानी पानी भए
सरमले डामेर निलाकाला भए
त्यति मात्रै कहाँ हो र !

नदीहरू पिरले सुक्दै सुक्दै सुक्दै
सुकेनाशका रोगी भए
सुन्दर वनस्पतिहरू पनि
विरक्त वैरागिएर
लोभलाग्दा स्वरूपबाट
हेरिनसक्नु कुरूप हुँदै पलायन हुँदै गए
पश्चिमका जङ्गलमा राउटेको छायाँ देख्दा पनि
तर्सिने बाँदरजस्तै

कार्बनडाईअक्साइडको कर्कश स्वर
अनि कहालीलाग्दो हाउभाउ देखेर भोगेर
निर्धो अक्सिजनको सातो हराएको छ ।
अनि, त्यही अक्सिजनको सातो खोज्न
हिँडेका हामी
कित्ता कित्तामा बाँडिएका छौँ
बित्ता बित्तामा भाँडिएका छौँ
आफ्नो कित्ताको मान्छेले मनपरी गर्दा
बित्ताको बिनाबित्थाको ठानेर आँखा चिम्लन्छौँ,
काखी चेप्छौँ र जयकार गर्छौँ
अर्को कित्ताको मान्छेले लामो श्वास फेऱ्यो भने पनि
आँधी आएको ठानेर हाहाकार गर्छौँ ।

यसरी हामी आफै जयकारमै जाकिएका छौं
हाहाकारमै बेपत्तासँग हराएका छौं ।
सिंहासनमा विराजमान ए ज्ञानी मान्छे !
हाम्रो प्राणवायुको हराएको सातो खोज्दाखोज्दै
हामी मूर्खहरू केही समयदेखि हराएका छौं
हाम्रो लाज पचाउन
तेरो सिँहासन जोगाउनु छ कसै गरी पनि
हामी मूर्खहरूको प्राणवायु
फेरि नहराउने गरी फेला पारी दे !
जसरी भए पनि हाम्रो सातो फर्काई दे !!
हाम्रो सातो फर्काई दे !
हाम्रो सातो फर्काई दे !!

(regmimukhale@gmail.com)

कविता

धर्तीको प्रियता



हरिप्रसाद सिलवाल

हावा र पानी तब जिन्दगानी
धरा र प्राणी रसिलो कहानी
लाखौं करोडौं कति वर्ष हुन्छ
सम्झे नि मात्रै मन हर्ष हुन्छ ।

सौन्दर्य धर्ती विषले घिसाऱ्यो
ब्रह्माण्ड माथा कसले बिगाऱ्यो ?
हिमाल पग्ल्यो कसले तताियो ?
समुद्र उम्ल्यो कसले तताियो ?

रकेट गोली जसले समात्यो
धर्ती र प्राणी उसले तताियो ।
हत्या र हिंसा जब बन्द हुन्छ
सप्रेम बोली तब तृप्त हुन्छ ।

मुस्कान रोजौं हरक्षेत्र आज
विशाल पारौं हरिया विराज
खोजौं न धर्ती प्रियता उमार्ने
आकाश चुम्दै ममता सिँगार्ने ।

(hps2066@gmail.com)

धर्तीको शोकगीत

(केही टुक्रा छोटा कविता)

शिवाङ्क चौलागाईं

@ नदीको चित्कार

आफ्नै विरूप चेहरा देखेर
कहिलेकाहीँ
नदीहरू पनि रूने गर्छन्–
तर नदी रोएको हामी सुन्दैनौं,
त्यतिबेला
हाम्रा पुँजीवादी कारखानाहरू
चर्को स्वरमा
मानवताको गीत गाउँदै हुन्छन्,
जसरी
इतिहासमा
सतीको चित्कार दबाउन
जोडतोडले
पतिव्रता धर्मको झ्याम्टा बजाइन्थ्यो ।

हिजो जुन नदीमा
आकाशले आफ्नो अनुहार हेर्थ्यो,
आज त्यही नदीभित्र
प्लास्टिकका शव तैरिरहेछन् ।
मान्छेले
आफ्नै अस्तित्वको मुहानमा
विष घोल्दा पनि
बजारले त्यसलाई
'विकास'को संज्ञा दिइरहेछ ।

अज्ञानको प्रदुषण मिसिएर
जब पानी नै बिरामी हुन्छ,
धमनीभित्र
मानव रगत पनि शुद्ध बग्दैन ।

@ माटोको घाउ

माटो
केवल बलौटे धुलो होइन,
युगौंयुगको पसिना,
प्राग् इतिहासको कथा,
र असङ्ख्य सपनाहरूको गर्भाशय हो ।

तर आज
लालचका विषालु नङ्ग्राहरूले
उसको गर्भ चिथोरिरहेछन् ।

किसानका उर्वर खेतहरूमा
बालीनालीभन्दा बढी
विषादी उम्रिन थालेपछि,
अन्न पनि
बिस्तारै बिस्तारै
मृत्युदेवको सहयात्री बन्दै छ ।

जमिन थाक्यो भने
सभ्यताको आधार थाक्छ,
किनकि

आकाशमा महल ठड्याए पनि
मान्छेले टेक्ने भनेको
अन्ततः माटोमै हो ।

@ हावाको सुस्केरा

हावा–
जीवनको सबैभन्दा मौन मित्र ।

तर आज
उसको छातीमा
कार्बनका काँडाहरू गडिरहेछन् ।

सहरहरू
विषालु धुवाँले भरिएका छन्
र मान्छे
मास्कभित्र बाँचेको छ,
तर ऊ सोच्दैन–
यदि हावालाई नै
मास्क चाहिने दिन आयो भने,
के हुने छ पृथ्वीको श्वासप्रश्वास ?

रूख काटेर
अक्सिजनको शवयात्रा निकाल्नेहरू,
ओजनको पर्दा च्यातेर
सैतानलाई निम्ता गर्नेहरू,
आफ्नै सन्तानको भविष्यमाथि
बर्बादीको बन्चरो चलाइरहेछन् ।

शुद्ध हावाको अवसान भएको दिन
शोकधुन बजाउन
धर्तीमा कुनै मान्छे बाँकी हुने छैन ।

@ ध्वनिको बर्बरता

सबै हिंसा
हतियारले मात्र हुँदैनन् ।
कतिपय हिंसा
अत्यधिक आवाजले पनि गर्छन् ।

चर्का हर्न,
कर्कश भिड,
स्पिकरको बर्बर आक्रमण–
मान्छेको आन्तरिक शान्ति
क्रमशः क्षयीकरण हुँदै गइरहेछ ।

मौनता अब
विपश्यनाको विषय मात्र रहेन,
संरक्षण गर्नुपर्ने
एउटा दुर्लभ
प्राकृतिक सम्पदा बनिसकेको छ ।

समाज
जब सुन्नभन्दा बढी कराउन थाल्छ,
तब संवादभन्दा पहिले सङ्घर्ष जन्मिन्छ ।

ध्वनि आतङ्क बढ्दै जाँदा,
शान्तिको दूरी पनि टाढिँदै जान्छ ।

@ विनाशको स्विच

विज्ञान आफैमा गलत होइन,
तर चेतनाविहीन शक्ति
सधैँ भयावह हुन्छ,
मूर्खको हातको आणविक स्विचजस्तै ।

मान्छेले
सूर्यको अनुकरण गरेर
सभ्यता चम्काउन सक्थ्यो,
तर उसले
प्रलयका बटनहरू बनायो ।

अहम्को आणविक तरङ्ग
कङ्क्रिटका भवनमाथि मात्र खस्दैन,
मानवको भविष्यमाथि पनि खस्छ ।


हिरोशिमा र नागासाकी
सामान्य घटना मात्र होइनन्–
मानव अहङ्कार झल्काउने ऐना हुन् ।

मुख्य प्रश्न
'तिमी कति शक्तिशाली छौ' होइन,
बरु
'तिमी सभ्य बन्यौ कि बनेनौ' भन्ने हो ।

आणविक संयमता भनेको
सन्ततिलाई
अनुकूल भविष्य सुम्पिनु हो ।

यो दुर्लभ, हराभरा धरामा
सभ्यताको दियो जलाइराख्न
अहङ्कारको विकिरणबाट जोगाउनै पर्छ
वातावरणलाई ।

प्रा.डा. कुमारप्रसाद कोइरालाको सम्पादनमा नवप्रकाशित **'अनुकृतिहरूमा गोविन्दराज भट्टराई'** र कृष्ण प्रधानबाट तयार पारिएको **'निजी क्षेत्रका नेपाली साहित्यिक पत्रकारिताको वर्तमान स्थिति'** शीर्षकको अन्तर्वार्तासङ्ग्रह पढ्ने अवसर नछुटाउनुहोला ।





(Literature, Art and Culture: Everyone's Common Property)

Sabdankur

(Literary Monthly)

BS: 2083 Asoj (Sep–Oct 2026)

Year 25 Issue 12 Total issue 300

Advisors

Prof. Dr. Govinda Raj Bhattarai and Prof. Dr. Jivindra Deo Giri

Editor-in-Chief: Dhir Kumar Shrestha

Editor: Bhogendra Lingden, Govinda Ghimire, Tekendra Chemjong and Sagar Phuyal

Management: Tulsi Kandangwa

Guest Editior : Bishwa Sigdel

Translator: Chandra Bahadur Lama

Art: Rajesh Manandhar

Website : https://sabdankur.com

Sponsorship: https://pustakalaya.org

http://bit.ly/sabdankur

Greenery Poetry Special

Price Rs. 25/-

Email: sabdankur@gmail.com/sabdankur58@yahoo.com

Kathmandu, Nepal

Mobile: 977-9841362032 (NTC/Viber/WhatsApp)

In this Greenery Poetry Special

Laxmi Mali 26, Gyanuwakar Paudel 27, Govinda Giri Prerna 28, Sailendu Prakash Nepal 29, Sneha Sayami 30, Abhaya Shrestha 30, Sudhir Khwabi 31, Krishna Bause 32, Rajanimila 33, Mani Lohani 35, Anita Lama 36, Deepak Sameer 37, Chaitanya Adhikari 38, Bhawani Khatiwada 39, Rajbabu Pahadi 40, Bhojraj Regmi 'Mukhale' 42, Hari Prasad Silwal 44 and Shivanka Chaulagain 45

Poem

Soil and Roots



Laxmi Mali

I am the soil,
I am a humble clump of earth.
Anchored upon that very soil,
You are a towering tree.
Into the vibrant blossoms that bloom on you,
Into the fruits hanging in heavy abundance,
It is I who pours life-
For your roots dwell deep within me.
In every breath you draw,
Lingers the fragrance of my womb;
And the womb is nothing but a clump of earth-
Anchored upon which,
You stand, a towering tree.
Nourishing you, raising you strong and whole,
Giving away all my love,
Alas!
I forgot to love myself.
Rejoicing all alone in what I have gained-
Your lush, green life,
All your comforts and joys,
These are my true rewards.
Therefore, you cannot drift away,
You cannot ever part from me;
For how can the roots of a lush, mighty tree
Ever detach from the soil?
Forever and always,
I will keep nourishing your roots.
Just remember this:
I am the soil, yes, the soil-
A humble clump of earth!

Poem

Now This Country Must Be Healed



Gyanuwakar Paudel
(Imadol, Lalitpur)

I have stirred awake, rising with resolve,
I, too, to shield our living world,
Have stepped forward to plant a tree.

It was only just the other day,
Once again,
That time took a sudden turn
And a new era was conceived -
Yet yesterday, it miscarried,
All came to naught.

Come,
You, too, come!
Let us plant another sapling and save the environment.
Let a shaded haven rise,
Where humanity may rest and catch its breath,
Where that which was robbed -
Our humaneness, our kinship - may smile again.

Come, it is already getting late!
You go on planting the trees,
I shall keep nurturing the earth.
Now we must drape green over the mother-land's naked shame,
Now, for this land,
An ecological healing must begin.

अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ

शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया

sabdankuraustralia@gmail . com | Phone: 061 -0403721631 (Whats App and Viber)

सिडनी, अस्ट्रेलिया

Poem

The Answerless Answer



Govinda Giri 'Prerana'

For thousands upon thousands of years,
Breathing with effortless ease,
Incessantly,
I, an ancient tree,
Lived in perennial joy
Amid countless trees like myself.
These days,
I feel suffocated by the breath of humans;
The violent, predatory nature of humankind
Fills me with terror.
I, the old tree,
Am parched to the very bone.
The river beside me
Has vanished into the barren sands;
I have become like a thirsty Kakakul,*
Entangled only in mirages.
Who will save this earth?
Who will protect this sky?
Where has it disappeared -
The lush, verdant forest of vines and trees?
Which sinner poisoned the soil
And stole away its soul?
Which sinner poisoned the air
And drained its life away?
Tainted by plastic, I am polluted;
Left half-dead by radiation.
The searing scars of poison
Plunge me into a deep, relentless agony.
Is this era doomed to perish,
Slowly, quietly, just like this?
The answer remains answerless.

**Kakakul* refers to a mythical pied cuckoo in South Asian folklore that is perpetually parched and said to drink only rainwater straight from the clouds, symbolizing intense, unrelenting thirst.

Poem

The River



Shailendu Prakash Nepal
(Basundhara, Kathmandu)

Ever graceful, rivers and streams flow across the earth,
Dressing the land in enchanting beauty and mirth!
Nourished by their waters, the soil turns lush and grand,
Cradles of civilization, timeless treasures of the land!
Sacred souls are the rivers, washing every taint and vice,
For humankind, a life-force and glory beyond price!
Dynamic and tireless, on and on they run,
When river and earth unite, all creation smiles as one!
Only when the waters are clear can beauty truly shine,
Only when pure can glory spread its radiance divine!
Only when the river thrives does life sustain its beat,
When the waters wander free, human feelings surge and meet!
Rivers are not merely water - they are the spring where cultures dawn,
The radiance of the Himalayas, creation's waking morn!
Singing melodies anew, they summon life to grow,
Yet when human hearts turn foul, the rivers halt their flow!
Letting dreams and sentiments flow like waters free,
Dedicating every breath to selfless charity,
Embracing the river's purity as life's true code and creed -
Only then shall human life rise to heights indeed!

Poem

Plastic and Humans



Sneh Sayami

Plastic walls
Plastic patterns
Plastic clothes
Plastic shoes
Plastic plates
Plastic pots
Plastic flowers
Plastic fruits
Plastic hearts
Love with plastic.
Thank goodness,
Humans are still giving birth to humans.

Poem

No Snow upon the Peaks



